*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

च.नं. मिति : २०८१/१२/२९

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं, नेपाल ।

**विषय : रोकिएको सेयर जारी गरी जलविद्युत आयोजनाको निर्माण सुचारु गरिदिनुहुन ।**

सम्माननीय प्रधानमन्त्रीज्यू,
स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) नेपालमा जलविद्युत उत्पादक कम्पनीहरुको छाता संस्था हो । यसमा करिब ६०० कम्पनीहरू आवद्ध रहेका छन् । अहिले हाम्रो देशमा कूल ३५०० मे.वा. विद्युत उत्पादन क्षमता पुग्दा त्यसमध्ये निजी क्षेत्रबाट मात्र २८०० मेगावाट बराबरका १९० आयोजना निर्माण सम्पन्न भैसकेका छन् भने ४ हजार ६३ मेगावाट बराबरका १४१ आयोजना निर्माणाधीन र ४३ सय ६३ मेगावाटा बराबरका १४१ आयोजना नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता (पीपीए) सम्पन्न गरेर वित्तिय व्यवस्थापनको पर्खाइमा रहेका छन् ।

यसैगरी सर्वेक्षण कार्य सम्पन्न गरेर नेपाल विद्युत प्राधिकरणमा पीपीएका लागि आवेदन दिएका आयोजनाको क्षमता नै ८ हजार मे.वा. भन्दा बढी छ । निर्माण अनुमती पत्र प्राप्त गर्नको लागि विद्युत विकास विभागमा आवेदन दिएका आयोजनाको क्षमता १० हजार ७०० मेगावाट भन्दा बढी छ । यि सबै आयोजनामा निजी क्षेत्रको तर्फबाट अहिलेसम्म १५ खर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ । नेपाल सरकारले अघि सारेको ऊर्जा विकास मार्गचित्र, २०८१ मा आगामी १० वर्षभित्र विद्युत उत्पादन २८ हजार ५०० मेगावाट पुऱ्याउने उल्लेख गरेको छ भने यसका लागि ६० खर्ब रुपैयाँभन्दा बढी लगानी आवश्यक रहेको औंल्याइएको छ । यसका लागि नेपाल सरकारले निजी क्षेत्रको सबैभन्दा बढी योगदान हुने र निजी क्षेत्रका लागि नीतिगतदेखि प्रक्रियागत सुधारका लागि ८१ बुँदे कार्ययोजना घोषणापत्रले अघि सारेको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूले सार्वजनिक कार्यक्रमहरुमा ऊर्जा क्षेत्र नेपालको विकासको संबाहक रहेको बताउँदै यसमा निजी क्षेत्रलाई प्रोत्साहनका लागि उपयुक्त नीति निर्माणमा जोड दिनुभएको छ । तत्कालीन अवस्थामा सरकारका सबै नीति तथा कार्यक्रमहरुमा पनि यसलाई उच्च प्राथमिकतामा राखिएको थियो । तर, विगत २० महिनादेखि धितोपत्र बोर्डले २० अर्ब बराबरको ४२ कम्पनीको प्रारम्भिक सेयर (आईपीओ) र साढे ४ अर्ब रुपैयाँ बराबरको ११ कम्पनीले हकप्रद सेयर (राइट सेयर) जारी गर्न नपाउँदा ती जलविद्युत आयोजनाहरुको निर्माण कार्य ठप्प भएको छ । विद्यमान कानूनी व्यवस्था अनुसार जलविद्युत कम्पनीहरुले सर्वसाधारणका लागि आईपीओ जारी गर्नेपर्ने बाध्यकारी व्यवस्था छ । आईपीओ जारी नगर्दासम्म बैकहरुले थप लगानी समेत गर्दैनन् । तर, २०८० साल साउनपछि जलविद्युत आयोजनाको आईपीओ र हकप्रद सेयर जारी गर्ने कार्य रोकिँदा यसले आयोजना निर्माणमा गम्भीर संकट ल्याएको छ ।

सम्मानित सार्वजनिक लेखा समितिको २०८०/०९/१२ मा सम्पन्न १९ औं बैठकबाट आईपीओ जारी गर्न रियल नेटवर्थ ९० भन्दा बढी हुनुपर्ने भन्ने निर्देशनलाई देखाएर नेपाल धितोपत्र बोर्डले आइपीओको अनुमति दिन रोकेको छ । रियल नेटवर्थ भन्ने शब्दावली यस क्षेत्रमा नहुने भएकोले यसबारे सरकारले परिभाषा गरिसकेपछि मात्र सेयर जारी गर्न सक्ने भन्दै धितोपत्र बोर्डले कुनै काम अघि बढाएको छैन । जसको कारणले निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाहरुको वित्तिय व्यवस्थापनमा मात्रै समस्या भएको छैन, स्थानीयले कहिले शेयर दिने हो ? भनेर गरेको प्रश्नको समेत उत्तर दिन नसक्दा आयोजना निर्माणमा स्थानीय अवरोध समेत सिर्जना हुन थालेका छन् ।

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

यसैगरी निर्णय नं. ६ मा उल्लेख भएको जलविद्युत आयोजना स्थापना गर्दा लगानी गर्ने आधारभुत शेयरधनीहरुको आयोजना निर्माणमा लिएको ऋण चुक्ता नहुञ्जेलसम्म आधारभुत शेयरधनीको एक तिहाई शेयर लकईन अवधी सकिएपछि पनि विक्री गर्न नपाउने व्यवस्थाले ईक्विटी लगानीको वातावरणमा समेत असर पर्न थालिसकेको छ । किनकी अहिले एउटा आयोजनामा मात्रै क्राउड फाईनान्सीङका माध्यमबाट १० हजार भन्दा धेरै संख्यामा संस्थापक लगानीकर्ता लगानी गर्न थालेका छन् । सर्वसाधारण र प्रवर्द्धकहरुको सेयरको कारणले ठूलो लगानी हुने ऊर्जा क्षेत्रमा पुँजी संकलनमा ठूलो सहयोग पुगेको छ । यसरी अवधी सकिएपछि पनि शेयर विक्री गर्न नपाउने व्यवस्था कायम भएमा एउटा आयोजनाको प्रवर्द्धकहरुले अर्को आयोजनामा लगानी गरेर भविष्यमा ठूला ठूला आयोजनाहरु निर्माण हुने सम्भावना कम हुन्छ भने नेपाल सरकारको आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सहितको **'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१'** को कार्यान्वयमा समेत गम्ध्भीर बाधा पुग्ने भएकोले सरकारको लक्ष्य पुरागर्न जलविद्युत आयोजनाको संस्थापक शेयरमा क्राउड फाईनान्सीङको माध्यमबाट लगानी गर्ने वातावरण निर्माणका लागि उक्त निर्णयलाई पुर्नविचार गरी विद्यमान कानूनी व्यवस्थाका आधारमा आईपीओ निस्कासनको वातावरण बनाउनुपर्ने आवश्यकता छ ।

सम्माननीय प्रधानमन्त्रज्यू,
स्वदेशभित्रै पुँजी संकलन गरी स्वदेशमै ऊर्जा उद्यम गरेर समृद्ध नेपाल निर्माणको गति अहिले सेयर निस्कासन रोकिएका कारण रोकिएको छ । जलविद्युत उत्पादन धेरै हुने अन्य देशहरुमा सेयरको लकिइन अवधि दुई वर्षभन्दा बढी कहिँ कतै पनि राखेको पाईंदैन । अधिकांश देशहरुले त दुई वर्षको लकइन अवधि समेत धेरै भएको भन्दै त्यसलाई घटाएर ६ महिनामा भ्mारी क्राउड फाइनान्सिङ मार्फत पुँजी जुटाइरहेका छन् । यस्तो बेलामा नेपालमा भने सम्मानित सार्वजनिक लेखा समितिको निर्णय र यसको आधारमा धितोपत्र बोर्डले रोकेको सेयरले ऊर्जा आयोजनाहरुको काम अवरुद्ध भएको छ । त्यसकारण ठप्प भएको आयोजनाको निर्माण सुचारु गर्ने वातावरण निर्माणका लागि सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष विनम्र अनुरोध गर्दछौं ।

यसअघि पटक पटक सम्मानित सार्वजनिक लेखा समितिका साथै अर्थमन्त्री र सचिव, ऊर्जामन्त्री र सचिव, धितोपत्र बोर्ड लगायतमा रोक्का सेयर जारी गर्ने वातावरण निर्माणका लागि पत्र पठाईसकिएपनि हालसम्म समस्या समाधान हुन नसकेकोले सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष रोकिएको सेयर सुचारु गर्नका लागि विनम्रतापूर्वक अनुरोध गरेका छौं । यसका लागि सम्मानित संसदको सार्वजनिक लेखा समितिसँग समन्वय गरी सहजीकरण तथा धितोपत्र बोर्डलाई आवश्यक निर्देशन दिई यथाशिघ्र छिटो जलविद्युत आयोजनाको निर्माण कार्य सुचारुको लागि वातावरण निर्माण गरिदिनुहुन सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष इप्पानको तर्फबाट हार्दिक हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

भवदीय
गणेश कार्की
अध्यक्ष